# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्याठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

मिति: २०८०/०७/२४

**प्लाष्टिकजन्य फूल माला प्रयोग नगर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

उपर्युक्त विषयको सम्बन्धमा नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५(१) ले दिएको अधिकार प्रयोग गरी प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न प्रतिबन्ध लगाएको व्यहोरा अवगत नै छ। यस वर्ष नजिकिदै आईरहेको नेपालीहरूको महान चाड तिहार, छठ जस्ता पर्वहरुमा प्लाष्टिकजन्य फूलमाला तथा पटाकाजन्य विष्फोटक पदार्थहरुको उत्पादन, आयात, विक्री वितरण र भण्डारण नगर्न नगराउन हुन सबैमा अनुरोध छ।

साथै प्लाष्टिकजन्य मालाले वातावरणीय प्रदुषण हुनका साथै मानव स्वास्थ्यमा समेत प्रतिकुल असर पार्ने भएकाले यस माण्डवी गाउँपालिका अर्न्तगत विभिन्न स्थानहरुमा सयपत्री र मखमली लगायतका फूलहरु उत्पादन भईरहेको परिप्रेक्ष्यमा प्राकृतिक रुपमा उत्पादन भएका उक्त फूलहरु एवं सो फूलबाट बनेका मालाहरु मात्र प्रयोग गर्नुहुन सम्बन्धित सवैमा अनुरोध गर्दै अनुगमनका क्रममा नेपाल सरकारको निर्णय विपरित निषेधित कुनै कार्य गरेको पाईएमा कानून बमोजिम कारवाही प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

अन्त्यमा, नजिकिदै आईरहेको नेपालीहरूको महान चाड तिहार, छठ पर्व २०८० तथा नेपाल सम्बत ११४४ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहने सम्पूर्ण आमा बुवा, दाजुभाई तथा दिदिबहिनिहरुमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दिर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ। यस चाडपर्वले भौगोलिक, धार्मिक, साँस्कृतिक, जातीय तथा भाषिक विविधतायुक्त हाम्रो समाजलाई एकताको सुत्रमा बाँधी सामाजिक सद्भाव र आपसी भाइचारा कायम गर्न सकोस भनी हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ।

....................
ध्रुव कुमार पोख्रेल
नि. प्रमुख प्रशासकीय अधिकृत